# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुमाकोडाँडा, कास्की
२०७३

माादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या : २०८०/०८१
चलानी नं.: २०

मिति : २०८०/०४/०४

**विषय : भुक्तानी र टिप्पणी निर्णय सम्बन्धमा ।**

श्री विषयगत शाखा प्रमुख लगाएत सरोकार कर्मचारी सवै
श्री वडा सचिव सवै
मादी गाउपालिका कास्की

प्रस्तुत विषय सम्बन्धमा आर्थिक वर्ष ०८०।०८१ मा कार्यलयको स्विकृत वजेट अर्न्तगत कार्यन्वयन हुने चालु तथा पुजिगत तर्फका योजना तथा कार्यक्रम सहित सवै खर्च तथा भुक्तानी गर्नुपुर्व अनिवार्य रुपमा सरोकार कर्मचारी ( विषयगत शाखा सहित लेखा प्रमुख ) वाट सवै प्रकृर्या पुरा गरी विल भरपाई रुजु गरी भुक्तानीको लागी पेशहुने तर कतीपय भुक्तानी गर्नुपुर्व हतारहुन गई भुक्तानी विषयमा गुनासो समेत यदाकदा आउने गरेको विषय तपाईहरु लाई जानकारी गराउदै अवका दिनमा गुनासो रहित यर्थाथमुलक ,पारदर्शि तरिका वाट भुक्तानी व्यवस्थापन गर्नको लागी रु २५ हजार सम्मको भुक्तानीको हकमा निवेदन पेपरमा नै राय लेखी निर्णय गराई भुक्तानीको लागी पेश गर्नुहुन र २५ हजार भन्दा माथीको सवै रकमको भुक्तानीको हकमा सरोकार शाखा तथा कर्मचारी वाट टिप्पणी तयार गरी चरणवद्ध रुपमा सरोकार कर्मचारी, प्राविधिक, र लेखा प्रमुख सहित प्रमुख प्रशासकिय अधिकृत तह वा गाउपालिका अध्यक्ष तह वाट स्विकृत गराई भुक्तानी गर्नु गराउनुहुन जानकारी गराउदछु । यसरी टिप्पणी राय सहित निर्णय हुने चरणमा संग्लग्न भएको कर्मचारीले टिप्पणीमा राय लेख्दा जुनसुकै भाषा तथा प्रर्तिकृर्या उल्लेख गरेता पनि भुक्तानी गरीसकेपछि वा भुक्तानीमा सग्लग्न भएपछि स्वतह खर्च स्विकार गरेको ठहरहुने साथै सो खर्चको हकमा सामुहीक जिम्मेवार,उत्तरदायी, जवाफदेही पनि स्वतह हुने नै हुदा, भुक्तानी भएको खर्च अर्न्तगत गलत भएमा कानुन अनुसार कारवाहीको भागीदार पनि सग्लग्न सवै समान रुपमानै हुनेहुदा खर्चकोको निर्णय पुर्व विल भरपाई रुजु सहित खर्चको यथार्थताको सुनिश्चतता गरेर मात्र कार्यलय प्रमुख समक्ष भुक्तानीको लागी पेशगर्नुहुन जानकारी गराउदछु ।

०८०/०४/०४

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री विषयगत शाखा सवै मादी गाउपालिका कास्की ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री वडा सचिव सवै ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री नियमनकारी निकायहरु सवै ( आवश्यक परेको अवस्थामा यसै अनुसार नियमनको आधार लिनुहुन )
श्री सुचना प्रविधि शाखा वेभसाईटमा राखिदिनुहुन ।